# नेपाल गजेट

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, आश्विन २१ गते २०२० साल

श्री ५ को सरकार

### निर्माण सञ्चार तथा यातायात मन्त्रालय

श्री ५ को सरकारले जारी गरेको तल लेखिए बमोजिम काठमाडौं–कोदारी राजमार्ग निर्माण समिति गठन आदेश, २०२० सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

विकास समिति ऐन, २०१३ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले यो आदेश जारी गरेको छ ।

(१) संक्षिप्त नाम र प्रारम्भः– (१) आदेशको नाम "काठमाडौं–कोदारी राजमार्ग निर्माण समिति गठन आदेश, २०२०" रहेको छ ।

(२) यो आदेश तुरुन्त प्रारम्भ हुनेछ ।

(२) समितिको गठनः– (१) काठमाडौं–कोदारी राजमार्ग निर्माण समिति नामको एउटा समिति गठन गरिएको छ ।

(२) समितिमा श्री ५ को सरकारले मनोनीत गरेका देहायका व्यक्ति रहनेछन् ।

(क) श्री माननीय निर्माण, सञ्चार तथा यातायात मन्त्री– अध्यक्ष

(ख) श्री माननीय निर्माण, सञ्चार तथा यातायात सहायक मन्त्री–उपाध्यक्ष

(ग) श्री सचिव, निर्माण, सञ्चार तथा यातायात मन्त्रालय सदस्य

(घ) श्री सचिव, आर्थिक योजना मन्त्रालय– सदस्य



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ङ) श्री सचिव, अर्थ मन्त्रालय– सदस्य

(च) श्री चीफ इञ्जिनियर, सडक विभाग सदस्य

(छ) श्री चीफ इञ्जिनियर, काठमाडौं–कोदारी राजमार्ग– सदस्य–सचिव

(३) श्री ५ को सरकारले आवश्यक ठानेमा समितिको सदस्यहरूको संख्यामा थपघट गर्न वा नाममा हेरफेर गर्न सक्नेछ र सो नेपाल गजेटमा प्रकाशित हुन सक्नेछ।

(४) समितिले आवश्यक ठहराएमा समितिको सभामा कुनै व्यक्ति तथा जनवादी चीन सरकारको प्रतिनिधिलाई सल्लाहको लागि निमन्त्रण गर्न सकिनेछ।

(३) समितिको कोषः– यस समितिको कोषमा मित्र राष्ट्र जनवादी चीन सरकारबाट प्राप्त सहायता र श्री ५ को सरकारबाट प्राप्त रकम रहनेछ।

(४) समितिको काम र कर्तव्यः– (१) समितिको मुख्य काम काठमाडौं–कोदारी राजमार्गको निर्माण कार्यान्वित गरी सम्पन्न गर्नु हुनेछ।

(२) उल्लिखित योजना कार्यान्वित गर्न समितिले देहाय बमोजिमको काम गर्न सक्नेछ।

(क) काठमाडौं–कोदारी राजमार्गको योजना बनाउने र स्वीकृत गर्न,

(ख) राजमार्गको निर्माण चांडो किफायतसाथ सम्पन्न गराउन प्रशासकीय र आर्थिक नियम बनाउन सक्ने,

(ग) नीति निर्धारित र निर्माण कार्य सम्पन्न गर्ने कुरामा पूरा रेखदेख गर्न सक्नेछ,

(घ) राजमार्ग सफलतापूर्वक कार्यान्वित गर्न यथासम्भव श्री ५ को सरकारबाट स्वीकृत तलब भत्ताको दरवन्दीमा मिल्ने गरी दरवन्दी स्वीकृत गर्न,

(ङ) निर्माण सम्बन्धमा आवश्यक माल सामान मगाउने, टुटफुट भै बिग्री नासिई हराई जानेमा लिलाम गर्न र समितिले मिन्हा गर्न सक्नेछ,

(च) समितिले बजेट तयार पार्न सक्नेछ,

(छ) राजमार्गको निर्माण निंति आवश्यक पर्न आएको जग्गाको लगत कट्टी गराउने र मुआवजा दिन दिलाउन सक्नेछ,

(ज) राजमार्ग निर्माण कार्यान्वित गर्न घर तथा जमीन किन्ने र बहाल तिरेर लिन सक्नेछ,

(झ) राजमार्गको खर्चको मिन्हा गर्न सक्ने।

(५) समितिको हिसाब किताबः– समितिको हिसाब किताब नेपाली र अंग्रेजी दुवै भाषामा राख्न सकिनेछ।

२५

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(६) अडिटः– (१) श्री ५ को सरकारबाट तोकिएको अडिटरले सो हिसाब किताब जांच्नेछ ।

(२) अडिट कमसेकम सालको एकपटक जांच गरिनेछ र अडिटरले त्यसको अडिट समिति छेउ पेश गर्नुपर्नेछ ।

(७) समितिसंगको ठेक्का पट्टाः– समितिको तर्फबाट गरिएको सबै ठेक्का पट्टा समितिले गरेको सम्झिनेछ । समितिले ठेक्का पट्टा स्वीकृत गर्न सक्नेछ र समितितर्फबाट गरिने सबै ठेक्का पट्टामा समितिको अन्तर्गत निर्माण अफिसमा कुनै इञ्जिनियरले गर्न सक्नेछ ।

(८) समितिको निर्णय प्रमाणित गर्नेः– समितिको तर्फबाट गरिने पत्र व्यवहार तथा समितिको निर्णय, आदेश र अन्य कार्यहरू समितिको सचिवको दस्तखतबाट प्रमाणित गरिनेछ ।

(९) विघटनः– श्री ५ को सरकारले चाहेमा कुनै बखत पनि यो समिति विघटन गर्न सक्नेछ ।

(१०) समितिको अफिसः– यस समितिको अफिस काठमाडौंमा रहनेछ ।

(११) काठमाडौं–कोदारी राजमार्ग निर्माण समितिले यसभन्दा अगाडि गरेका कार्यहरू पनि यही गठन आदेश बमोजिम मान्य हुनेछ ।

आज्ञाले–
रामबहादुर रावल
श्री ५ को सरकारको सह–सचिव ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।